बैठक मिति: २०७९/६/०२

बैठक संख्या: ३

**छलफल तथा निर्णयः**

१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट "नेपाल भ्रमण दशक, २०२३-२०३२" घोषणा सम्बन्धी अवधारणा पत्र स्वीकृत गर्न र नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने प्रयोजनार्थ राय माग भएकोमा आयोगको बैठकमा उठेका विषयवस्तु समेत समावेश गरी राय सुझाव उपलब्ध गराउने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं. ३ को चिसापानी देखि सोही जिल्लाको मोहन्याल गाँउपालिका वडा नं. ७ राजकाँडामा होटेल सहित टपस्टेसन रहने गरी करिव ३.१ किलोमीटर लम्बाई भएको जालपादेबी केवलकार प्रा.लि आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा समावेश गर्न सिफारिस साथ लेखी आएकोमा उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

३. वन नियमावली, २०७९ सँग तादाम्यता हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी मापदण्डको मस्यौदा यथाशिघ्र तयार गर्ने।

४. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गरिने प्रस्तावहरूका विषयमा छलफल गरियो। साथै, राष्ट्रिय विकास समस्या समाधान समिति, उपसमितिको बैठकमा भएको छलफलबाट आएका विषयहरू कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालय एवं निकायहरूलाई निर्देशन दिने।